आज मिति २०७६ साल जेष्ठ १२ गते आइतबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष **श्री विश्वनाथ निरौला**ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति :**

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | विश्वनाथ निरौला | |
| उपाध्यक्ष | पुष्पकला भुजेल | |
| सदस्य | झन कुमार राई (नाछिरिङ) | |
| सदस्य | सन्तवीर तामाङ | |
| सदस्य | राजेशकुमार राजभण्डारी | |
| सदस्य | नैनकुमार राई | |
| सदस्य | दिलबहादुर राई | |
| सदस्य | मीनबहादुर राई | |
| सदस्य | फुलकमल राई | |
| सदस्य | जानुमाया राई | जानुमायाराई |
| सदस्य | छिरिङलमु तामाङ | |
| सदस्य | चमेली विश्वकर्मा | |
| सदस्य | लक्ष्मी वि.क. | |
| सदस्य | खड्ग बहादुर राई (नाछिरिङ) | |
| सदस्य | देवीचरण रम्तेल | |
| सचिव | जीवन निरौला | |

बैठकका निर्णयहरू अर्को पृष्ठदेखि उल्लेख गरिएको छ ।

निर्णय नं. १: समिक्षा एवं योजना सम्झौता सम्बन्धमा।

चालु आ.व.मा सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको सघन समिक्षा गर्दै योजनाहरूको अनुगमनलाई प्रभावकारी बनाउने साथै चालु आवको लागि गाउँपालिकास्तर तथा वडामा विनियोजित बजेटको अन्तर्गतका योजना तथा कार्यक्रमहरूको सम्झौता मिति २०६६-जेठ २० सम्म सम्पन्न गरी सक्ने साथै सम्पूर्ण उल्लेखित योजनाहरूको फरफारक मिति २०६६ असार १० सम्म सम्पन्न गरिसक्ने गरी सबै उपभोक्ता समितिलाई परिपत्र गर्ने।

निर्णय नं. २: शिक्षा शाखाको सशर्त अनुदानको बजेट विनियोजन सम्बन्धमा।

शिक्षा शाखाको "पानी तथा स्वास्थ्य र सरसफाइ सुविधा सहितको शौचालय निर्माण" नामक शैक्षिक कार्यक्रम अन्तर्गत रहेको कुल बजेट रु १४ लाख मध्ये श्री शिशु मा.वि. महेश्वरी लाई रु ८ लाख विनियोजन गरी सम्झौता भईसकेकोमा बाँकी रहेको रु ६ लाख तपसील बमोजिमका विद्यालयमाई विनियोजन गरी योजना सञ्चालन गर्ने

| विद्यालयको नाम | बजेट |
|---|---|
| क. श्री मालपा मा.वि. मालपा | रु ४ लाख ८० हजार |
| ख. श्री लालबोह्द आ.वि. रोल्लुरु | रु ४ लाख ८० हजार |

निर्णय नं. ३: निर्णय संशोधन गरी रकम

मिति २०६८-माघ-३ को कार्यपालिका बैठकको निर्णय नं ८ बमोजिम ~~मिति~~ योजना सम्झौता भएको बरपाले टर्निङ स्तरोन्नति उपभोक्ता समितिले योजना सम्पन्न गर्दा प्राविधिक स्टिमेट भन्दा बढी ~~[illegible]~~ कार्यसम्पन्न भएको प्राविधिक मूल्याङ्कनबाट देखिन आएकाले यसअघिको निर्णय संशोधन गरी कार्यसम्पन्न मूल्याङ्कन प्रतिवेदनका आधारमा पुँजीगत विविध खर्च शीर्षकबाट भुक्तानी दिने।

निर्णय नं ४: ढुवानी भाडा भुक्तानी सम्बन्धमा।

केन्द्रीय विद्युत प्रसारणलाइन रेसलुङ्गे गाउँपालिका केन्द्र रेसलुङ्गे बजार सम्म साथै आसपासमा समेत विस्तारका लागि आवश्यकीय विद्युतीय सामाग्रीहरु (विद्युत तार, पोल, ट्रान्सफर्मर) लगायत हलुङ तथा पिलेस्थित विद्युत वितरण शाखामा रहेको, सामान ढुवानीका लागि सम्बन्धित निकायबाट बजेट नभएको भन्ने जानकारी प्राप्त भएको साथै स्थानीय तहले विद्युत ढुवानीका लागि आवश्यक सहयोग गर्नुपर्ने भन्ने माग ले विद्युत विस्तारलाई यथाशीघ्र रुपमा अघि बढाउनुपर्ने प्राथमिक परिस्थितिलाई मध्यनजर गर्दै रेसलुङ्गे-८ माम्पा हुँदै रेसलुङ्गे सम्म विद्युतीय सामाग्री ढुवानी गर्न "विद्युत तार खरिद तथा ढुवानी उपभोक्ता समिति" माम्पालाई

निर्णय नं ८
समपूरक कोषबाट योजना सञ्चालन गर्ने सम्बन्धमा :

समपूरक कोषमा रहेको कुल रकम रू १० लाख मध्येबाट यस कार्यालयबाट ६०% व्यहोर्ने गरी देहायबमोजिमका योजना प्रस्ताव गर्ने संस्था/व्यक्ति संग साझेदारीमा योजना सञ्चालन गर्ने ।

सि.नं.

१. शुक्रबारे-देवीटार सोलिङ निर्माण (६०%)
विनियोजित बजेट (गा.पा) रू ४,००,०००/-
(चार लाख मात्र)

२. छात्रावास भान्साघर निर्माण (श्री सिम्ले मा.वि.) (६०%)
गा.पा. बाट विनियोजित बजेट रू ३,५०,०००/-
(तीनलाख पचास हजार)

३. बतासे-महादेवस्थान-चुचेपुल सडक निर्माण (जलेश्वरी)
गा.पा. बाट विनियोजित बजेट रू २,५०,०००/-
(दुई लाख पचपन हजार मात्र)

निर्णय नं ९: जग्गाको मूल्याङ्कन सम्बन्धमा ।

आ.व. २०६५/६६ को रजिष्ट्रेसन लिखत पारित प्रयोजनको लागि चालु आ.व. २०६४/६५ को मूल्याङ्कनमा २० % वृद्धि गर्नेको लागि जिल्ला मालपोत कार्यालय [illegible]

निर्णय नं. ८: जग्गा फिर्ता सिफारिस गर्ने सम्बन्धमा

यसै गाउँपालिका वडा नं. ६ ज्यामिरे स्थित स्वास्थ्य चौकीको जग्गा पास गर्दा भूलवश एकै जग्गाधनी श्री नेत्रबहादुर राईको कित्ता नं. ३२१ र ३१६ को जग्गा पास हुनुपर्नेमा कि.नं. ३१८ र कि.नं. ३१३ को जग्गा पास हुन गएको र पुनः मिति २०७५।११।२१ मा नेत्रबहादुर राई र जुनेली राईले कि.नं. ३२१ र ३१६ को जग्गा स्वास्थ्य चौकी ज्यामिरेको नाममा पास गरि-दिनुभएको र हाल उक्त जग्गामा स्वास्थ्य चौकीको नयाँ भवन निर्माण प्रारम्भ समेत भएकाले जग्गा पास भयो भूलवश पास हुन गएको निज नेत्र बहादुर राईलाई कि.नं. ३१८ र कि.नं. ३१३ (हाल स्वा. चौकीको नाममा रहेको) जग्गा सट्टा पास का लागि सम्बन्धित निकायमा सिफारिस गरी अनुरोध गर्ने साथै जग्गादाता श्री नेत्रबहादुर राई र जुनेली राईलाई कार्यपालिकाको तर्फबाट आभार व्यक्त गर्ने ।

उल्लेखित निर्णयहरु गरी आजको बैठक समापन गरियो ।